मिति २०७६/०९/२१ मा बसेको प्रदेश मन्त्रिपरिषद् बैठक संख्या ६४/२०७६ को निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/४८/२१७-२०७६/०९/२० को "सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा स्वीकृत गर्ने र सो स्वीकृत मस्यौदा विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्ने स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने।"

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्ताव नं. १/४९/२१८-२०७६/०९/२० को "छाउपडी प्रथा उन्मुलन नीति, २०७६ स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

" प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने।"

३. सुदूरपश्चिम प्रदेश, प्रदेश सभाको पाँचौ अधिवेशन आह्वान गर्ने सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट प्रस्तुत भएको प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

" नेपालको संविधानको धारा १८३ को उपधारा १ बमोजिम प्रदेश सभाको पाँचौ अधिवेशन मिति २०७६ माघ ६ गते सोमबार दिउँसो २:०० बजे देखि प्रारम्भ हुने गरी आह्वान गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।"

४. सुदूरपश्चिम प्रदेशका मुख्यन्यायाधिवक्ताज्युले माननीय प्रदेश प्रमुखज्यूसमक्ष पेश गर्नु भएको वार्षिक प्रतिवेदनका सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट प्रस्तुत भएको प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्ने:-

"मुख्य न्यायधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को दफा ११ बमोजिम सुदूरपश्चिम प्रदेशका मुख्यन्यायाधिवक्ताबाट माननीय प्रदेश प्रमुखज्यूसमक्ष पेश भई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्राप्त वार्षिक प्रतिवेदन माननीय मुख्यमन्त्रीज्यूको तर्फबाट आन्तरिक मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्रीज्यू मार्फत प्रदेश सभामा पेश गर्ने ।"

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/२२/२११-२०७६/९/१७ को "साझेदारी व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को मस्यौदा स्वीकृत गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रस्ताव नं. ४/२३/२१२-२०७६/९/१७ को "नीजि व्यवसाय दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को मस्यौदा स्वीकृत गरी आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/२५/२१५-२०७६/९/१७ को "कोल्ड स्टोर, कोल्ड च्याम्बर र राईपेनिङ्ग च्याम्बर स्थापना तथा सञ्चालन कार्यविधि, २०७६ लाई स्वीकृति दिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने ।"

८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्ताव नं. ५/२६/२१६-२०७६/९/१७ को "प्राकृतिक विपदहरुबाट कृषि एवं पशुपन्छी व्यवसायको क्षेत्रमा पुऱ्याएको क्षतिमा राहत प्रदान सम्बन्धी मापदण्ड, २०७६लाई स्वीकृति दिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्ने:-

"प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने।"

९. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/३७/२१३-२०७६/९/१७ को "सुदूरपश्चिम प्रदेशको अस्पताल व्यवस्थापन समिति गठन आदेश, २०७५ को दफा ४(१)(क) को उपखण्ड (८) पछि उपखण्ड (८ क) थप हुने गरी गठन आदेश संशोधन प्रस्ताव मन्त्रिपरिषद् बाट स्वीकृत हुनु पर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

१०. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/३८/२१४-२०७६/९/१७ को "सुदूरपश्चिम प्रदेश स्वयंसेवक परिचालन कार्यविधि, २०७६ लाई स्वीकृति प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

११. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/३३/२१९-२०७६/९/२१ को "रेडियो, एफ.एम. र टेलिभिजन प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को मस्यौदालाई प्रदेश सभामा पेश गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई स्वीकृत प्रदान गर्ने" सम्बन्धी प्रस्तावमा देहाय वमोजिम गर्ने:-

"प्रस्तावमा लेखिए वमोजिम गर्ने।"

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली